नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

तनहुँ

फोन ०६५ ५६०१३३,
५६०१०९, ५६२६१३
फ्याक्स-:०६५-५६०१०७

पत्र संख्या-:०७७७८/
चलानी नम्बर

मिति-:२०७८।०३।२३

## तनहुँ जिल्लाका प्रमुख जिल्ला अधिकारीबाट जारी आदेश

तनहुँ जिल्लामा कोभिड–१९ को संक्रमणको जोखिम कायमै रहेको भनि यस अधि जारि भएको निषेधाज्ञाको आदेश सम्बन्धमा मिति २०७८।०३।२३ गते बसेको जिल्ला कोभिड व्यवस्थापन समितिको बैठकले कोभिड–१९ को जोखिम अझै कमी नभएको र समुदायमा व्यापक फैलिन सक्ने अवस्थालाई ध्यानमा राखि उक्त निषेधाज्ञाको आदेशलाई निरन्तरता दिन सिफारिस गरेको समेतका आधारमा कोभिड–१९ संकट व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश, २०७८ को दफा ४ र स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा ३ ले दिएको अधिकार प्रयोग गरि यस अधि जारि गरेको निषेधाज्ञाको आदेशलाई निरन्तरता दिंदै मिति २०७८।०३।३१ गते राती १२:०० बजे सम्म तनहुँ जिल्ला भर लागु हुने गरि देहायको आदेश बमोजिमको निषेधाज्ञा जारी गरिएको छ। यो आदेश पालना गर्नु गराउनु सबै व्यक्ति, संघ संस्था, पेशाकर्मी, व्यवसायी तथा आम नागरिकको कर्तब्य हुनेछ। यदि कोही कसैबाट यो आदेशको उल्लंघन भएमा कोभिड–१९ संकट व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश, २०७८ तथा स्थानीय प्रशासन ऐन, २०२८ बमोजिम कारवाही हुने व्यहोरा समेत सम्बन्धित सबैमा जानकारी गराईन्छ।

### तपसिल

१. निम्न व्यवसायिक कार्य र सेवालाई स्वास्थ र सुरक्षाको मापदण्ड पूरा गरेर निर्वाध रुपमा सञ्चालन हुने वातावरण बनाउने।

(क) अत्यावश्यक सेवाहरु जस्तै एम्बुलेन्स, ग्यास, पेटोलियम पदार्थ, खानेपानी, औषधि तथा उपचार सामाग्रीहरु, स्वास्थ्य संस्था, अस्पताल, भेटेनरी अस्पताल, भेटेनरी औषधि पसल, दुरसञ्चार, इन्टरनेट, फोहरमैला व्यवस्थापन, मल, विउ र कृषि सामाग्री, बैंकको ए.टि.एम. सेवा, डाँक सेवा र सार्वजनिक निर्माण सम्वन्धि कार्य र सेवाहरु तथा ढुवानी सेवा ।

(ख) जिल्ला भर नै खाद्यान्न, तरकारी, फलफूल, दुध र दुधजन्य पदार्थ, माछा, मासु, अण्डा, दाना, पशु, पंछीको उत्पादन र बिक्रि वितरण (विहान ५:०० बजे देखि ११:०० बजे सम्म मात्र) र निषेध गरिएका कार्य र सेवा बाहेक अन्य कार्य र सेवा संचालन (विहान ९:०० बजे देखि ~~बिहान~~ दिउसो ३:०० बजे सम्म मात्र )।

२. निम्न व्यवसायिक कार्य र सेवालाई पूर्ण रुपमा बन्द गर्ने ।

(क) सिनेमा हल, पार्टी प्यालेस, होटल, रेष्टुरेण्ट (तयारी खाना तथा खाजा प्याकिङ्ग गरि विक्रि गर्ने सेवा बाहेक), डान्स बार, दोहोरी, नाचघर, क्लब, हेल्थ क्लब, सैलुन सेवा, ब्यूटिपार्लर (कस्मेटिक बिक्रि बाहेक) जिम खाना, स्विमिङ पुल, फुटसल, सभा, आमसभा, जुलुस, हाटबजार, साईकल र मोटरसाईकलमा गरिने व्यापार, रंगशालामा हुने दर्शक सहितको खेलकूद, तालिम, सेमिनार, भर्जुअल बाहेक भौतिक उपस्थितीमा गरिने शिक्षण प्रशिक्षण र मानिसहरुको भिडभाड हुने अन्य सबै प्रकारका कार्यक्रमहरु पूर्ण रुपमा बन्द गर्ने।

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
तनहुँ

फोन ०६५ ५६०१३३, ५६०१०९, ५६२६१३
फ्याक्स-:०६५-५६०१०७

पत्र संख्या-:०७७७८/
चलानी नम्बर

मिति-:२०७८।०३।२३

(ख) मठ, मन्दिर, मस्जिद, गुम्बा, चर्च लगायतका धार्मिक स्थलमा जमघट नगरी जनस्वास्थ्यका निर्धारित मापदण्ड पालना गर्ने गरी नित्य पूजा( ध्यान र प्रार्थना) मात्र गर्ने गराउने व्यवस्था मिलाउने।

(ग) सामाजिक र साँस्कृतिक कार्यहरु विवाह, ब्रतबन्ध लगायतमा १५ जना भन्दा बढी सहभागी नहुने र सहभागीहरुले जनस्वास्थ्यका सबै निर्धारित मापदण्ड पूर्णपालना गर्ने गरि पूर्व स्वीकृति लिएर मात्र संचालन गर्ने गराउने व्यवस्थालाई प्रभावकारी बनाउने।

३. निजी सवारी साधनहरु मिति अनुसार जोर गते जोर र बिजोर गते बिजोरलाई सञ्चालन गर्ने गराउने।

४. तनहुँ जिल्ला भित्र संचालन हुने सार्वजनिक सवारी साधनहरु मध्ये पृथ्वी राजमार्गमा विहान ६:०० बजे देखि साँझ ६:०० बजे सम्म मात्र सिट क्षमता भित्र रहि सार्वजनिक सवारी साधनहरु मिति अनुसार जोर गते जोर र बिजोर गते बिजोर नम्वरलाई सञ्चालन गर्ने गराउने।

५. सवारी अनुमति लिएर संचालन गर्न दिने सेवा र कार्यहरु:-

(क) अत्यावश्यक काम (अस्पताल आउने जाने, बिरामी र कुरुवा, मृत्यु संस्कारमा अनिवार्य सहभागी हुनु पर्ने अवस्था) का लागि जिल्ला प्रशासन कार्यालयबाट सवारी अनुमति लिनु पर्ने।

(ख) सञ्चारकर्मीको हकमा सूचना विभाग वा सम्वन्धित Media House ले जारी गरेको परिचय पत्रको आधारमा आवत जावत गर्न दिने।

६. उत्पादन र सार्वजनिक निर्माण कार्यमा खटिने जनशक्तिलाई निर्माण व्यवसायीको तर्फबाट निर्माण स्थलमा नै खाने बस्ने प्रबन्ध गर्नुका साथै स्वास्थ्य तथा सुरक्षाका सबै मापदण्डको पूर्ण पालना गर्ने गरि संचालन गर्ने अन्यथा निर्माण र उत्पादनको कार्य बन्द गर्ने।

७. घर बाहिर सार्वजनिक स्थलमा बस्दा वा हिडडुल गर्दा नाक र मुख राम्ररी बन्द गरि अनिर्वाय रुपमा मास्क लगाउने।

८. स्वास्थ्य र सुरक्षाको मापदण्ड पालना नगरी आउने ग्राहकलाई व्यापार नगर्न र व्यवसायीहरुले समेत स्वास्थ्य र सुरक्षाको मापदण्ड पालना गरि मात्र व्यवसाय गर्न अनुरोध गरिएको छ। मास्क नलगाई आउने ग्राहकलाई सेवा वा बस्तु उपलब्ध गराउने व्यवसायीलाई जिम्मेवार ठानी कानूनी कारवाही गर्ने।

९. भारत र अन्य मुलुकबाट तनहुँ जिल्लामा आउने व्यक्तिले अनिवार्य रुपमा १० दिन क्वारेण्टाईनमा बस्ने।

०७८।३।२३

(सोमप्रसाद आचार्य)
प्रमुख जिल्ला अधिकारी

प्रमुख जिल्ला अधिकारी